जि.प्र.का.ले भर्ने
दर्ता नं. .............
दर्ता मिति ............

# श्री जिल्ला प्रशासन कार्यालय काठमाडौंमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

**आ.व.२०८२/०८३ सालको निर्णय नम्बरः-**

**निर्वाचन आयोग, नेपालको च.नं. २०८२।०८३।२०० मिति २०८२।११।०४ गतेको पत्रले**

वादी नेपाल सरकार**..................................................................................................वादी**

**बिरुद्द:-**

तिलचन प्रसाईको नाति, कृष्ण प्रसाईको छोरा, कोशी प्रदेश, जिल्ला झापा विर्तामोड नगरपालिका वडा नम्बर ५ कन्काई रोड स्थायी घर भई हाल भक्तपुर जिल्ला मध्यपुर नगरपालिका वडा नम्बर ५ निकोसेरा बस्ने वर्ष ५४ को **दुर्गा प्रसाद प्रसाई** (९८०१४५२२२२)**..................(अनुपस्थिती)..१** } **प्रतिवादी**

**मुद्दा: सार्वजानिक शान्ती विरुद्धको कसूर ।**

**मुद्दाको संक्षिप्त तथ्य :-**

**१. निर्वाचन आयोगको पत्र:**

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल भन्ने संस्थाका केन्द्रीय अध्यक्ष श्री दुर्गा प्रसाई नामक व्यक्तिबाट सामाजिक सञ्जालमा सार्वजनिक शान्तिमा बाधा पुर्याउने तथा झुठ्ठा अफवाह फैलाउने गरी नकारात्मक अभिव्यक्तिहरू सार्वजनिक गर्ने गरेको तथा मिति २०८२।११।०३ गते एक प्रेस विज्ञाप्ति जारी गरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का सन्दर्भमा स्वीकृत निर्वाचन आचार संहिता, २०८२ को दफा ४ (ञ) र (थ) समेत बर्खिलाप हुने गरी गतिविधि गरेको हुनाले मुलुकी अपराध संहिता, २०७४ को दफा (७०) बमोजिम निज प्रसाई र उनको संस्थालाई समेत अनुसन्धान तथा कारबाही गरी सोको जानकारी आयोगको इमेलमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ भन्ने समेत व्यहोरा सम्मानित निर्वाचन आयोगको प.स.च.नं.Ref २०८२।०८३।२०० मिति २०८२।११।०४ गतेको पत्र ।

**२. प्रहरी प्रतिवेदन:**

यसरी प्रतिवादी दुर्गा प्रसाद प्रसाईले सामाजिक कामको लागि संचालन गरेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालको प्रबन्धपत्रको उद्देश्य विपरित उक्त कम्पनीको नामबाट

मिति २०८२।११।२१ गते हुने भनि तय भई सकेको प्रतिनिधि सभाको निर्वाचन रोक्ने, भाड्ने र राष्ट्रको संकल्पको रूपमा रहेको प्रतिनिधि सभाको निर्वाचन हुन नदिने उद्देश्यका साथ आम सर्वसाधारण मानिसहरूमा झुट्टा एवं भ्रम पूर्ण अफवाहहरू फैलाई सार्वजनिक रूपमा नेपाल बन्द गर्नको लागि विभिन्न सार्वजनिक संचार माध्यम तथा प्रेस विज्ञप्ति मार्फत घोषणा गरी सर्वसाधारण मानिसहरूमा भय सिर्जना गर्नु का साथै नेपाल सरकार तथा निर्वाचन आयोगबाट शान्ति पूर्ण तवरबाट मतदान गर्ने, उमेदवारहरूलाई प्रसार प्रसार गर्ने समेतका काममा वाधा अड्चन पुऱ्याउने, डर त्रासमा पार्ने नियतका साथ निर्वाचन आयोगबाट जारी आचार संहिता विपरीत गई गलत तथा भ्रम पूर्ण अफवाह फैलाउने, प्रचार प्रसार गर्ने वा नारा जुलुश गर्ने, शान्ति सुरक्षामा खटिएका सुरक्षाकर्मीको मनोवल गिर्ने गरी ड्युटीमा खटिएका प्रहरी अधिकृत डि.एस.पी. लाई लात्तीले हान भनी आदेश समेत गरी सार्वजनिक शान्ति विरुद्धको कसूर 'गरेको हुँदा निजलाई तत्काल पक्राउ गरी नियन्त्रणमा लिनु पर्ने हुँदा निजलाई तत्काल पक्राउ गरी दाखिला गर्नु भन्ने यस कार्यालयबाट भएको आदेशानुसार म समेतको प्रहरी टोली मिति २०८२।११।०४ गते निज दुर्गा प्रसाद प्रसाईलाई जिल्ला प्रहरी कार्यालय भक्तपुरको सहयोगमा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ०६ निको सेरा स्थित बाट पक्राउ गरी तत्काल जरुरी पक्राउ पुर्जी दिई थप अनुसन्धान तथा कारबाहीको लागि यसै प्रतिवेदन साथ पेस गरेका छौ । निज दुर्गा प्रसाद प्रसाईंले सार्वजनिक रूपमा दिएको प्रेस विज्ञप्ति तथा निर्वाचन आयोगको पत्रमा उल्लिखित अभिव्यक्तिको भिडियो लिङ्क https://www.facebook.com/share/v/17GGpfuCxY/? mibextid=wwXIfr लाई लिपिबद्ध गरी यसै साथ संलग्न गरी पेस गरेका छौँ । निज दुर्गा प्रसाईँ तथा निज अध्यक्ष रहेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महा अभियान, नेपाल नामक कम्पनीलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २ को दफा ७० बमोजिमको कसुरमा अनुसन्धान गरी कानुन बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

३. **<u>प्रतिवादी दुर्गा प्रसाद प्रसाईको वयानः</u>**

प्रहरी प्रतिवेदन साथ पेश भएको DVD मा राखिएको URL लिंक https://www.facebook.com/share/v/17GGpfuCxY/?mibextid=wwXIfr बाट खुल्ने भिडियो प्ले गरी देखाई सुनाउँदा सुनी पाएँ, भिडियोमा देखिएको बोल्ने व्यक्ति म आफै हुँ, उक्त भिडियो मैले आज भन्दा दुई महिना अगाडी चितवनमा बोलेको भिडियो हो, हेरी सुनी सनाखत समेत गरी दिएँ । नेपालमा भदौं २३ र २४ गते भएको Gen-Z आन्दोलनको उद्देश्य अनुसारको काम नभए पछि हामी अन्तरिम शुशिला कार्की नेतृत्वमा बनेको सरकारसँग जेनजी लगायतका माग सँगै हाम्रा १२ बुदे माग गरी सरकारसँग सम्झौता गरेका थियौँ । उक्त सम्झौतालाई आलेटाले गरी घुमाउने काम भएकोले हामीले फाल्गुन ७ गते भित्रमा हाम्रा माग पुरा नभए, हामीले फाल्गुण ०८ गते कार्यक्रम राखी जनआन्दोलनको घोषण गर्ने र सबै उद्यमी वर्गलाई आन्दोलनमा उत्रिन भनि आव्हान गर्ने चेताउने सहितको मिति २०८२।११।०३ गते एक पत्र मार्फत विज्ञाप्ति जारी गरेका हौँ र हामीले बारबार सिंहदरबार सर्वोच्च अदालत जस्ता देशमा भएका सम्पूर्ण अड्डा अदालतहरु जलाउन लाउने तत्वहरुलाई पहिचान गरी पटक पटक भिडियो मार्फत सार्वजनिक गर्यौँ । न त ती आपराधीहरुलाई पक्रिनुको सट्टा चुनावमा भाग लिन पठाउने मात्र काम भयो । जेनजी र हामीले उठाएका कुनै पनि मागहरु हाल सम्म पनि पुरा नभएको हुँदा हामीले निर्वाचन आचार संहिता विपरित कुनै काम गरेका छैनौँ । यो त केवल आफ्नो र जेनजीको लागि सरकारसँग माग राखी गरेको सम्झौता अनुरुपको कार्य हाल सम्म पनि नभएकोले उक्त कार्य तत्काल गर्नु भनि सरकारलाई दिएको

चेताउन स्वरुप जारी गरेको एक विज्ञप्ति हो । यदि हाम्रा मागहरु पुरा गरिदिए देखी हामीले कुनै किसिमको आन्दोलन तथा बन्दहरु गर्ने र गराउने योजना थिएन, छैन । र मैले जारी गरेको उक्त विज्ञप्ति पत्र र मैले बोलेका कुराले देशमा रहेका नागरिकहरु अझ सचेत हुन् र आफ्नो देश प्रति उत्तरदायी बनुन, देशलाई माया गरुन र देशमा देखिएको नाङ्गो विदेशी हस्तक्षेप रोक्न लाई सहयोग गरुन् भन्ने अपेक्षका साथ यो भिडियो र प्रेस विज्ञप्ति म आफैंले जारी गरेको हो । मलाई देखाईको आयोगको पत्र साथ संलग्न राष्ट्र, राष्ट्रियता, धर्म, सस्कृति र नागरिक बचाउ महाअभियान नेपालको लेटर हेडमा नेपाल उद्योग वाणिज्य संघ, शैक्षिक संघ-संस्थाहरु सबै, यातायात महासंघ, ट्रक व्यवसायी संघ, ट्याक्सि ब्यवसायी संघ सबैलाई बोधार्थ दिई "..नेपाल सरकारले हामि सङ्ग गरेको १२ बुदे सहमति फाल्गुन ७ गते सम्ममा हु-बहु कार्यन्वयन गर्नु पर्ने नगरे फाल्गुन ८ गते आन्दोलनको मिति तय गरेर अनिश्चितकालिन नेपाल बन्द र आम हड्ताल गरिने छ, (क) देश र नागरिक बचाउन हाम्रो पहिलो कर्तव्य भएकोले फागुन २१ गते हुने राष्ट्रघाति निर्वाचनमा सहभागी नहुन सम्पुर्ण राष्ट्रवादि, देशभक्त, सेना, प्रहरी, सशस्त्र प्रहरी, निजामती कर्मचारी, लब्धप्रतिष्ठित व्यक्तिहरु, मजदुर-किसान, पत्रकारहरु र आम नागरिकहरुमा हार्दिक अपिल गर्दछु । (ख) सवारी यातायातका साधनहरु, शैक्षिक संघ-संस्थाहरु, प्रतिस्ठानहरु, कल (कारखाना, उद्योग, बजार – व्यवसायहरु सबै बन्द रहनेछन.." भन्ने शब्दहरु राखी केन्द्रीय अध्यक्ष दुर्गा प्रसाई राखी हस्ताक्षर समेत गरी जारी गरेको विज्ञप्ति मैले जारी गर्न लगाएको हो र विज्ञप्तिमा भएको हस्ताक्षर समेत मेरो आफ्नै हो । हामीले हाम्रो अभियानको उद्देश्य भनेको भ्रष्टाचार विरुद्ध र शोषण विरुद्ध आवाज उठाएको हो । पुलिसले पुलिसको काम नगरे पछि बाध्य भएर मैले सो अभिव्यक्ति दिएको हुँ । उक्त अभिव्यक्तिले निर्वाचन आयोगको आचार संहिता भंग गर्ने काम गरेको छैन । मैले कुनै प्रहरी अधिकृत डि.एस.पी. लाई लात्तीले हानेको छैन । प्रहरीले महिलाहरु माथी ज्याजादी गरेको देखेर मैले रिसले सो कुरा बोलेको हुँ । राष्ट्र, राष्ट्रियता, धर्म, सस्कृति र नागरिक बचाउ महाअभियान नेपाल नाम गरेको संस्थाको मुख्य उद्देश्य भ्रष्टाचार विरुद्ध देशमा भएको वेतिती विरुद्ध आवाज उठाउने र नागरिकहरुलाई सचेत गराउने गैह्र नाफामुलक संस्था हो । उक्त संस्थाको संस्थापक म आफैं हुँ । हाल सो संस्थाको केन्द्रीय अध्यक्ष पदमा रहि सक्रिय रुपमा कार्यरत छु । म वाहेक उक्त संस्थामा हाल अन्य थुप्रै व्यक्तिहरु आवद्ध छन् । आगामी फागुन २१ गतेका दिन हुने निर्वाचन जस्तो अति संवेदनशील कार्यलाई लक्षित गरी उक्त निर्वाचनलाई बिथोल्ने उद्देश्यका साथ नेपाल बन्द गर्ने, निर्वाचन बिथोल्ने भ्रमपूर्ण अफवाह फैल्याउने, निर्वाचन हुन नदिने भनि सार्वजनिक रुपमा अभिब्यक्ति दिने, निर्वाचनमा सहभागी नहुन आम मतदाता र जनप्रतिनिधिहरूलाई समेत असर पार्ने किसिमले प्रेश विज्ञप्ति जारी गर्ने जस्ता कार्य मैले संविधान प्रद्धत मौलिक हकको अधिनमा रहेर दिएको हुँ । मैल दिएको अभिव्यक्ति बन्द हड्ताल भएको छैन । स्वतन्त्र अभिव्यक्ति दिनु मेरो संविधान प्रदत मौलिक हक हो । मैले दिएको अभिव्यक्तिले सार्वजनिक शान्ति खलल भएको जस्तो लाग्दैन । मैले आम सर्वसाधरण व्यक्तिहरुको हक हितको लागि निर्वाचन नहोस र निर्वाचनमा भाग नलियोस भनेर उक्त अभिव्यक्ति दिएको हुँ । यो संस्थालाई सम्माननिय प्रधानमन्त्रीले सम्मान सहित पत्र लेखेर १२ बुदे सम्झौता भएको हो । र यो संस्थासँग नेपाल सरकारको सम्झौता भए अनुसार कार्यान्वयन गर्न नेपाल सरकारले नै आनाकानी गरेर ढाट्ने छल गर्ने गरेकोले गर्दा खेरी हामीले यो आन्दोलनको घोषणा गर्नुपरेको हो । र यो संस्था भनेको नेपाल र नेपालीको, साथै धर्म र संस्कृति, सर्वहारा वर्ग, भुई मान्छे, उत्पिडन वर्गको जगेर्नाको लागि लागेको हुँदा राजनितिक जस्तो मात्र देखेको हो । मैले खोलेको उक्त संस्था खारेज गर्नु पर्ने कारण केही देख्दिन र छैन पनि । जनताको सर्वोच्चता बोकेको सर्वोच्च अदालत, जनताको प्रशासनिक काम गर्ने सिंहदरबार, जनताको कानून बनाउने संसद भवन र जनताको आस्था र विश्वास बोकेको सुरक्षा निकाय माथी आगजनी गर्ने, तोडफोड गर्ने र

सुरक्षा निकायहरुको युनिफर्क ड्रेसको दुरुयोग गरी सुरक्षा निकायको हातहतियार लुट्ने, सुरक्षामा खटिएका प्रहरीलाई ढुङ्गामुडा गरेर खोलै खोला कुदाउने यो अवाञ्छित घटना कुनै पनि नेपाली नागरिकलाई चित्त बुझेको छैन । र आज ९० प्रतिशत जनताले चुनाव खोजेको छैन र ९० प्रतिशत जनताले आज संविधान संशोधन गरेर किरात बौद्ध सहितको हिन्दु अधिराज्य, विदेशीले लादेको प्रदेश र संघियता खारेज र धर्म निरपेक्ष हटाई पुन सनातन हिन्दु राज्य सहितको राजा संस्थाको स्थापना गरी राजा देखि बाटोमा हिड्ने एउटा मकै पोलेर जिविकोपार्जन गर्ने आमाले समेत चुनाव चाहिएको छैन । राजाको फाल्गुण ६ गते आएको वक्तव्यले पनि यहि कुरा चाहेको छ । त्यसैले गर्दा पनि मैले कोही कसैको उक्साहाटमा नभए नेपाल र नेपाली जनता जोगाउन मैले यो अभियान थालेको हो । मेरो अर्थ चुनाव नहोस भनेको होईन, शुरुमा नमिलेको कुरालाई संविधान संशोधन गरी मिलाऔँ र त्यस पछि मात्र हामी चुनावमा जाऔँ भन्न खोजेको हुँ भन्ने समेत व्यहोराको **प्रतिवादी दुर्गा प्रसाद प्रसाईले गरेको बयान ।**

४. **बुझिएका मानिस भुपाल पाण्डे ले गरेको घटना विवरण कागजः-**

प्रतिवादी दुर्गा प्रसाद प्रसाईलाई म चिन्दछु । मेरो निजसँग कुनै किसिमको व्यक्तिगत लेनदेन, रिसईवी, वादविवाद केही छैन । मिति २०८२।११।०४ गते म भक्तपुर स्थित आफ्नै घरमा नै थिएँ । उक्त समयमा प्रतिवादी दुर्गा प्रसाद प्रसाईलाई सामाजिक सञ्जालमा सार्वजनिक शान्तिमा बाधा पुर्याउने तथा झुठ्ठा अफवाह फैलाउने गरी नकारात्मक अभिव्यक्तिहरू सार्वजनिक गर्ने गरेको तथा मिति २०८२।११।०३ गते एक प्रेस विज्ञाप्ति जारी गरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का सन्दर्भमा स्वीकृत निर्वाचन आचार संहिता, २०८२ को दफा ४ (ञ) र (थ) समेत बर्खिलाप हुने गतिविधि गरी सार्वजनिक शान्ति विरुद्धको कसूर अपराध गरेको हुँदा कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको सम्मानित निर्वाचन आयोगको प.स.च.नं Ref २०८२।०८३।२०० मिति २०८२।१०।०४ गतेको पत्रको आधारमा निज बस्ने निजी निवासबाट पक्राउ गरी नियन्त्रणमा लिएको कुरा थाहा पाएको थिएँ । यसरी निज प्रतिवादी दुर्गा प्रसाद प्रसाईले सार्वजनिक शान्ति विरुद्धक कसूर  अपराध गरेको भए निजलाई कानून बमोजिम कारवाही गरियोस् भन्ने समेत व्यहोराको भुपाल पाण्डे (९७०४४६२७४५) को कागज ।

**अभियुक्त उपर लगाईएको अभियोगः**

प्रस्तुत मुद्दामा जिल्ला प्रहरी परिसर, काठमाडौंबाट अनुसन्धान भई निर्णयार्थ प्राप्त हुन आएको मिसिल संलग्न रही मुद्दा उठान भएको प्रहरी प्रतिवेदन व्यहोरा हेर्दा, आएको निर्वाचन आयोगको प.स.च.नं. **Ref** २०८२।०८३।२०० मिति २०८२।११।०४ गतेको पत्र तथा संलग्न कागजात, प्रतिवादी दुर्गा प्रसाद प्रसाईँलाई पक्राउ गरी दाखिला गरेको प्रहरी प्रतिवेदन, संलग्न अभिव्यक्ति सहितको **DVD,** प्रेस विज्ञप्तिको छाँयाकपी, अभिव्यक्तिलाई लिपिबद्ध गरी राखेको कागज, बन्दी प्रत्यक्षीकरण रिट सम्बन्धित तामेली भई आएको आदेशको सूचना सहितको रिट निवेदन संलग्न कागजातहरू, प्रतिवादी दुर्गा प्रसाद प्रसाईँले अधिकार प्राप्त अधिकारी समक्ष गरिदिएको बयान कागज, बन्दी सहित लिखित जवाफ पठाएको पत्र तथा संलग्न लिखित जवाफ, रिट निवेदकले जारी गरेको विज्ञप्तिमा नेपाल सरकारले निजसँग गरेको सम्झौता मिति २०८२।११।०७ सम्ममा कार्यान्वयन नभएमा मिति २०८२।११।०८ मा देश व्यापी अनिश्चित कालीन नेपाल बन्द गर्ने भन्ने उल्लेख भएकोमा उक्त मिति समेत व्यतीत भएको अवस्था देखिए तापनि निवेदक विरुद्ध अनुसन्धान भइरहेको विषयमा थप अनुसन्धान गर्नुपर्ने भए मलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ ले निर्दिष्ट गरे बमोजिम निजबाट धरौटी वा जमानत लिई वा निजलाई तारेखमा राखी मुद्दाको बाँकी अनुसन्धान तहकिकात समेतको जो जे गर्नुपर्छ गरी कानुन बमोजिम गर्नू भनी प्रत्यार्थीहरुका

नाउँमा परमादेश समेत जारी गरिएको छ भन्ने समेत ब्यहोराको बन्दी प्रत्यक्षीकरण रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको आदेश, बुझिएका मानिस भूपाल पाण्डेले गरिदिएको कागज समेतका आधार प्रमाणहरूबाट राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालको केन्द्रीय अध्यक्ष प्रतिवादी दुर्गा प्रसाद प्रसाईँले सार्वजनिक शान्तिमा बाधा पुऱ्याउने तथा झुट्टा अफवाह फैलाउने गरी नकारात्मक अभिव्यक्तिहरू सार्वजनिक गरी राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपालको लेटर हेटमा देश व्यापी अनिश्चित कालीन "नेपाल बन्द" को घोषणा गर्छु भन्ने समेत ब्यहोराको प्रेस विज्ञप्ति निकाल्न लगाई प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का सन्दर्भमा स्वीकृत निर्वाचन आचार संहिता, २०८२ को दफा ४ (ञ) र (थ) समेत बर्खिलाप हुने गरी गतिविधि गरी प्रतिवादी दुर्गा प्रसाद प्रसाईँले **मुलुकी अपराध संहिता,२०७४ को दफा ७० को उपदफा (१) विपरीतको कसूर** गरेको स-प्रमाण पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजायः**

उल्लिखित मुलुकी अपराध संहिता,२०७४ को दफा ७० को उपदफा (१) विपरीत झुट्टा अफबाह फैलाउन नहुने कसूर गर्ने निज प्रतिवादी दुर्गा प्रसाद प्रसाईँलाई सोही संहिताको दफा ७० को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई सक्कल मिसिल यसै अभियोगपत्र साथ पेश गरिएको छ।

साथै **प्रतिवादी दुर्गा प्रसाद प्रसाईँको** हकमा तहा कार्यालयबाट कानुन बमोजिम मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ५७ बमोजिम समाह्वान जारी गरी पाउँ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः** ×

**क्षतिपूर्तिको मागदावी**

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउँ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**मुलुकी अपराध संहिता, २०७४ को दफा ७०. झुट्टा अफबाह फैलाउन नहुनेः**

(१) कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने, हूलदङ्गा गर्ने वा नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभए नगरेको अफबाह फैलाउन, प्रचार प्रसार गर्न वा नारा जुलुश गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

- प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहे भएको भनी खुली आएको बखत मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ३५ बमोजिम गरिनेछ।

**सबुद प्रमाणः**

**दशी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज बस्तुः**

**गवाह** : निर्वाचन आयोग, नेपालको पत्र।

**देख्ने,सुन्ने** : **बुझिएका मानिस**: भुपाल पाण्डे ।

**<u>प्रस्तुत कागजातहरु</u>** :

१. मिति २०८२।११।०४ गतेको निर्वाचन आयोगको पत्र पाना-१ र सो संलग्न प्रेस विज्ञप्ति पाना-१,

२. ऐ. गतेको अ.अ. तोकिएको पत्र र आचार संहिता पाना-०२,

३. ऐ. गतेको सि.आर.यस. अभिलेखको लागि लेखेको पत्र पाना-१ र अभिलेख चेकजाँच गरी पेश गरेक पत्र पाना-१,

४. ऐ. गतेको जरुरी पक्राउ पुर्जी पाना-१,

५. ऐ. गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र पाना-१,

६. ऐ. गतेको दाखिला प्रहरी प्रतिवेदन पाना-३ र सो संलग्न भिडियोमा बोलेको लिपिबद्ध उतार पत्र पाना-२, भिडियो संलग्न DVD थान-१,

७. ऐ. गतेको थुनुवा पुर्जी पाना-१,

८. ऐ. गतेको जरुरी पक्राउ पुर्जी समर्थनको लागि लेखेको पत्र पाना-१, ऐ. गतेको प्रारम्भिक प्रतिवेदन पाना-१,

९. ऐ. गतेको कम्पनी रजिष्टारको कार्यालयलाई लेखेको पत्र पाना-१,

१०. मिति २०८२।११।०५ गतेको म्याद थप र आदेश पत्र पाना-२,

११. ऐ. ११।०८ गतेको फैसलाको प्रमाणित प्रतिलिपी उपलब्ध गराउने सम्बन्धमा लेखेको पत्र पाना-१,

१२. ऐ. गतेको साइबर ब्युरोलाई लेखेको पत्र पाना-१,

१३. ऐ. ११।०८ गते तामेली भई प्राप्त हुन आएको बन्दी प्रत्यक्षीकरण रिट निवेदन र आदेश पत्र पाना- १०,

१४. ऐ. ११।१० गतेको बयान कार्यको लागि उपस्थित गराएको पत्र पाना-१,

१५. ऐ. गतेको प्रतिवादी दुर्गा प्रसाद प्रसाईको बयान कागज पाना-१६,

१६. ऐ. ११।१० गतेको लिखित जवाफ पेश गरेको पत्र र संलग्न जवाफ पाना-४,

१७. ऐ. गतेको बन्दी सहित लिखित जवाफ पठाएको पत्र पाना-१,

१८. ऐ. गतेको बन्दी फिर्ता पठाएको पत्र पाना-१,

१९. ऐ. ११।११ गतेको सक्कलै फायल सहित बन्दी उपस्थित गराएको पत्र पाना-१,

२०. ऐ. ११।११ गतेको बन्दी फिर्ता पठाएको पत्र र आदेश पत्र पाना-२,

२१. ऐ. ११।१२ गतेको तेस्रो पटक म्याद थप र आदेश पत्र पाना-२,

२२. ऐ. गतेको सक्कलै फायल सहित बन्दी उपस्थित गराएको पत्र पाना-१,

२३. ऐ. गतेको सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरण रिट निवेदनमा भएको आदेशको प्रमाणित प्रलिपिपी पठाएको पत्र पाना-१ र सो संलग्न आदेशको प्रमाणित प्रति पाना -२,

२४. ऐ. ११।१३ गतेको महान्यायाधिवक्ताको कार्यालयको पत्र र संलग्न आदेशको प्रमाणित प्रतिलिपी पाना-५,

२५. ऐ. गतेको सहमति सहितको निर्देशन सम्बन्धी लेखेको पत्र पाना-१,

२६. ऐ. ऐ. ११।१३ गतेको बुझिएका मानिस भुपाल पाण्डेको कागज पाना-२ र संलग्न परिचय खुल्ने कागजातको छाँयाकपी पाना-१, ऐ. गतेको जिम्मा जमानी कागज पाना-१ ।

यस भन्दा अगाडी प्रतिवादी दुर्गा प्रसाद प्रसाई विरुद्ध चलेको मुद्दामा निजले बुझ्दै आएको तारेख पर्चाको छाँयाकपी पाना-२,

यो अभियोगपत्रवाट कारवाही शुरु गर्न अनुरोध गरिन्छ ।

कार्यालयको छापः

सरकारी वकीलकोः

दस्तखतः

नामः गोविन्द प्रसाद हुमागाईं

दर्जाः जिल्ला न्यायाधिवक्ता

कार्यालयः जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं

मितिः २०८२/१२/१६/२ शुभम्..................।